# मेलम्ची खानेपानी आयोजना (आ.व. २०६९/७० सम्मको समग्र उपलब्धि बिबरण)

**संस्थाको परिचय, कार्यक्षेत्र र जिम्मेवारी**

आयोजनाको नाम : मेलम्ची खानेपानी विकास समिति
ठेगाना : मिनभवन, काठमाण्डौ ।
फोन नं. : ४-४६८९६३ - ६५, ४-४९३९५९
फ्याक्स नं. : ४ - ४६८९६२
इमेल : info@melamchiwater.org

मेलम्ची खानेपानी आयोजना एक बृहत अन्तर-जलाधार खानेपानी आपूर्ति आयोजना हो । यसले सिन्धुपाल्चोक जिल्ला भई बग्ने मेलम्ची खोलाको पानीलाई काठमाडौं उपत्यकातिर फर्काएर उपत्यकाबासीले लामो समयदेखि भोग्दै आएको खानेपानी समस्या सुल्झाउने उद्देश्य लिएको छ । काठमाडौं उपत्यका शहरी क्षेत्रको खानेपानीको माग पूरा गर्नको लागि क्रमिक रुपमा क्षमता बढाउदै लैजान सकिने प्रावधान रहेको यस आयोजनाले पहिलो चरणमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाविस अन्तर्गत मेलम्ची खोलाको रिबर्मा भन्ने ठाउँनिर मुहान (हेडवर्क) निर्माण गरी रिवर्मादेखि सुन्दरीजलसम्म २६.५ किलोमिटर लामो सुरुङका माध्यमबाट दैनिक १७ करोड लिटर पानी काठमाडौं उपत्यकाभित्र ल्याउने उद्देश्य राखेको छ । आयोजनाको दोस्रो र तेस्रो चरणमा याङ्ग्री र लार्के खोलाबाट क्रमशः १७/१७ करोड लिटरका दरले दैनिक जम्मा ५१ करोड लिटर पानी काठमाडौंमा ल्याउने लक्ष्य रहेको छ ।

वि.सं. २०५२ सालमा मेलम्ची खानेपानी आयोजनाको लागि लगानीकर्ता खोजी गरी आयोजना कार्यान्वयनमा ल्याउन नेपाल सरकारले मेलम्ची खानेपानी लिमिटेडको स्थापना गरी कार्य सञ्चालन गरेको थियो । एशियाली बिकास बैंक, जापानी तथा नर्वेजियन सरकार जस्ता प्रमुख दाताहरुले मेलम्ची खानेपानी आयोजनामा लगानी गर्ने इच्छा देखाएपछि नेपाल सरकारले काठमााडौं उपत्यकाको खानेपानी समस्या निकारकरणका लागि विशेष महत्व दिई आ.व. २०५५/५६ (सन् १९९८ अगष्ट) मा तत्कालिन आवास तथा भौतिक योजना मन्त्रालय (हाल सहरी विकास मन्त्रालय) अन्तर्गत मेलम्ची खानेपानी विकास समितिको गठन गरी कार्य सञ्चालन भैरहेको छ ।

सन् २००१ डिसेम्बरमा एशियालि विकास बैंकद्वारा आयोजनामा लगानी गर्न सहमति जनाई २१ डिसेम्बर २००१ मा ऋण सम्झौता सम्पन्न भई तत् पश्चात आ.व. २०५८/५९ देखि आयोजनाको भौतिक निर्माण कार्य शुरु भएको यस आयोजनाको सम्पन्न हुने अवधि आ.व. २०६४/६५ सम्म तोकिएकोमा देशमा बिद्यमान तत्कालिन परिस्थितिका कारण आयोजनाको सुरुङ्ग तथा पानी प्रशोधन केन्द्र जस्ता मुख्य संरचनाहरूको निर्माण कार्य शुरु नभै सन् २००७ मा ऋण सम्झौता अवधि समाप्त भए पछि सो अवधि संशोधित भई आ.व. २०७०/७१ सम्म थप गरिएकोमा सो अवधिभित्र समेत आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसकेकोले पुनः सो मिति पनि संशोधन गरी आ.व. २०७३/७४ (सन् २०१६) सम्म थप गर्न प्रस्ताब गरिएको छ ।

मेलम्ची खानेपानी आयोजना सम्पन्न भए पश्चात प्रथम चरणमा सिन्धुपाल्चोक जिल्लाको मेलम्ची खोलाको रिवर्मामा बाँध बनाई दैनिक १७ करोड लिटर पानी मुहानक्षेत्रबाट २६.५ कि.मी. लामो सुरुङ मार्फत काठमाण्डौको सुन्दरीजलमा ल्याउने गरी निर्माण कार्य संचालनमा रहेको छ । सो पानीलाई सुन्दरीजलमा निर्माण गरिने प्रशोधन केन्द्रमा प्रशोधन गरी काठमाडौ उपत्यकामा वितरण गरिनेछ । यसै गरि दोस्रो र तेस्रो चरणमा क्रमशः याङ्री र लार्के खोलाहरुबाट दैनिक १७/१७ करोड लिटर पानी थपिने योजना रहेको छ ।

क)　**आयोजनाको मुख्य-मुख्य कार्यहरू ।**

| **सि.नं.** | **आयोजनाको मूख्य कार्यहरू** | **परिमाण** | **कैफियत** |
|---|---|---|---|
| १ | सुरुङ्ग हेडवर्क्स निर्माण | २७.५ कि.मी. | आ.ब. २०६९/७० सम्ममा ६.५ कि.मी. सुरुङ्ग खन्ने कार्य सम्पन्न । |
| २ | मुख्य प्रवेश मार्ग/प्रवेश सडक निर्माण/सुधार | ६६ कि.मी. | सम्पन्न |
| ३ | क्याम्प साईट भवन निर्माण | २१ गोटा | सम्पन्न |
| ४ | पानी प्रशोधन केन्द्र निर्माण | १ गोटा | ठेक्का सम्झौता सम्पन्न । |
| ५ | जग्गाको मुआब्जा तथा क्षतिपूर्ति बितरण | जग्गाको मुआब्जा तथा क्षतिपूर्ति वापत लगभग ९० करोड रुपैंया वितरण भइसकेको । | सारभूत रुपमा सम्पन्न भएको । छुटफुट केहिलाई निरन्तरता दिइरहेको । |
| ६ | सामाजिक उत्थान कार्यक्रम | सिन्धुपाल्चोक जिल्लाको मेलम्ची उपत्यकाका १४ गा.वि.स., काभ्रेपलान्चोक जिल्ला मण्डन उपत्यकाका ५ गा.वि.स.मा सामाजिक उत्थानका कार्यक्रम संचालन । | संचालनमा रहेको |

ख)　**आ.ब. २०६९/७० मा भएका प्रमुख उपलब्धिहरू :**

- सुरुङ्ग तथा हेडवर्क्स निर्माणको पूर्व निर्माण व्यवशायी CRCC CMIIC J/V बाट प्रथम चौमासिक अवधिमा ७०० मीटर सुरुङ्ग खन्ने कार्य सम्पन्न भएको ।

- 25 Sept. 2012 मा CRCC CMIIC J/V संगको ठेक्का सम्झौता तोडिए पश्चात पुनः नयाँ ठेक्का प्रकृया शुरु गरिएको ।

- हेडवर्क्स तथा सुरुङ्ग निर्माण कार्यको 1 Dec. 2012 मा One Stage Two Envelope प्रक्रिया अवलम्बन गरी सुरुङ्ग निर्माणको लाीग अन्तराष्ट्रिय स्तरको बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको । तत् पश्चात खरिद प्रक्रियाको बिभिन्न चरण सम्पन्न गरी हेडवर्क्स तथा सुरुङ्ग निर्माण कार्यको लागि सफल निर्माण व्यवशायी Co-operative Muratori e Cementisti - CMC di Ravenna, Italy संग मिति २०७०/३/३१ मा ठेक्का सम्झौता सम्पन्न भएको ।

- सुन्दरीजलमा निर्माण हुने पानी प्रशोधन केन्द्र निर्माणको लागि ठेक्का प्रक्रिया आ.ब. २०६८/६९ (2 January 2012) मा शुरु गरी 21 June 2013 (२०७०/३/७) मा सफल निर्माण व्यवशायी M/S VA Tech WABAG Limited – Pratibha Industries Limited को ठेक्का स्वीकृत गरी मिति २०७०/३/२६ मा ठेक्का सम्झौता सम्पन्न भएको ।

- सिन्धुपाल्चोक जिल्लाको मेलम्ची उपत्यकाका १४ गा.वि.स. तथा काभ्रेपलान्चोक जिल्लाको मण्डन उपत्यकाका ५ गा.वि.स.हरूमा विगत देखि संचालनमा रहेको सामाजिक उत्थान कार्यक्रमलाई आ.ब. ०६९/७० मा पनि निरन्तरता दिइएको ।

- आ.ब. २०६८/६९ देखि याङ्गी लार्के श्रोत पथान्तरण कार्यक्रम (डाइभर्सन स्किम) अन्तर्गत उक्त श्रोत पथान्तरण कार्यबाट प्रभावित हुने बिभिन्न १० गा.वि.स. हरूमा सामाजिक उत्थान कार्यक्रम संचालन गरिएको । साथै इन्द्रावति बाँया किनारका ६ गा.वि.स. हरूमा सामाजिक उत्थान कार्यक्रम संचालन गर्नेगरी IEE स्वीकृत भएको ।

**ग) कार्यक्रम संचालन गर्दा आइपरेका समस्याहरू :**

- सुरुङ्ग निर्माण कार्यको निर्माण व्यवशायी (China Railway 15 Bureau, JV CMIIC) वाट करारको प्रावधान अनुसार सुरुङ्ग निर्माण कार्यको प्रगति गर्न नसकेको । ७८.६% करारको अवधि समाप्त हुँदा जम्मा १५.३% मात्र प्रगति भएको अवस्थामा 25 September 2012 मा करार सम्झौता रद्द गरिएको । यसले गर्दा सुरुङ्ग निर्माण कार्य अवरुद्ध भएको । साविक निर्माण व्यवशायीसंगको करार तोडि नयाँ प्रक्रियाबाट सुरुङ्ग निर्माण कार्य गराउँदा लागत बृद्धि हुने अवस्था देखिएको भए पनि थप बजेट व्यवस्था गर्न नेपाल सरकार तथा ए.डि.वि. सहमत भएका छन । साथै आयोजना निर्माण अवधि थप हुन गै संशोधित कार्यक्रम अनुसार यस आयोजना सन् २०१६ मा मात्र सम्पन्न गर्न सकिने स्थिति रहेको ।

- पानी प्रशोधन केन्द्र निर्माणको लागि पुनः ठेक्का गर्नु परेको हुँदा समय तथा लागत बृद्धि हुन गएको ।

- आयोजनाको धेरै जसो सडक खण्ड लगायत अन्य प्रवेश मार्गहरूको स्तर ह्रास भएको । पुनस्थापन कार्यक्रम आवश्यक परेको । हाल सुन्दरीजल जोरपाटी खण्ड सडकको मात्र Back log Maintnenace को कार्य संचालनमा रहेको ।

**घ) समस्या समाधानको लागि गरिएका प्रयासहरू :**

- सुरुङ्ग निर्माणको नयाँ ठेक्का व्यवस्थापनको लीग मेलम्ची खानेपानी विकास समिति, सहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय तथा दातृ निकाय बीच छलफल तथा समझदारी भई आ.ब. ०६९/७० को मार्ग महिनामा पुनः ठेक्का पट्टा प्रक्रिया शुरु गरी 21 June 2013 (2070/3/7) मा हेडवर्क्स तथा सुरुङ्ग निर्माणको लागि निर्माण व्यवशायी Co-operative Muratori e Cementisti - CMC di Ravenna, Italy को बोलपत्र स्वीकृत गरी मिति २०७०/३/३१ मा ठेक्का सम्झौता सम्पन्न गरिएको ।

  - सुन्दरीजलमा निर्माण हुने पानी प्रशोधन केन्द्र निर्माणको लागि २०६९ श्रावणबाट खरिद प्रक्रिया शुरु गरी 21 June 2013 (२०७०/३/७) मा निर्माण व्यवशायी M/S VA TECH WABAG Limited – Pratibha Industries Limited को बोलपत्र स्वीकृत गरी मिति २०७०/३/२६ मा निजसंग ठेक्का सम्झौता सम्पन्न गरिएको ।